नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
वि.सं. २००४
NIC
1947 AD
Nepal Insurance Company Ltd.

# नेपाल इन्स्योरेन्स

नेपालको पहिलो
**बीमा कम्पनी**

च.नं.: ७८/१४७

मिति : २०८२/०२/२१

श्री सुपरिवेक्षण विभाग,
नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबारप्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाडौं ।

**विषय : हकप्रद शेयर जारी गर्ने प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने सूचना सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०८२/०२/२१ गते अपरान्ह ५:१५ बजे बसेको सञ्चालक समितिको बैठक नं. १५(२०८१/८२) को निर्णयनुसार श्री नेपाल धितोपत्र बोर्डको मिति २०८२/०२/०७ गतेको पत्र संख्या: नि.वि./शे.द. तथा नि.शा./२०८१/०८२ चलानी नं. ३३०७ को पत्रमार्फत स्विकृत **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** को अधिनमा रहि चुक्ता पूँजी रु.१,६४,४२,४१,९४०/- को १०:४ (अर्थात् विद्यमान १० (दश) कित्ता साधारण शेयर बराबर नयाँ ४ (चार) कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरका ६५,७६,९६७.७६ कित्ता हकप्रद शेयर जारी गर्ने प्रयोजनार्थ मिति २०८२/०२/३० गते एक दिनका लागि शेयरधनी दर्ता पुस्तिका दाखिल खारेज बन्द गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराउँदै सो सम्बन्धी सूचना मिति २०८२/०२/२२ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशन गरिने हुँदा उक्त सूचनाको नमूना समेत यसै पत्र साथ संलग्न गरी तहाँको जानकारी तथा अभिलेखको लागि पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

सुलना श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**

१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
२) श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

# नेपाल इन्स्योरेन्स

रजिष्टर्ड कार्यालय : का.म.न.पा. २८, कमलादी, काठमाण्डौ ।
पो.ब.नं. ३६२३, फोन नं.: +९७७ १ -५३२१३५३, ५३४५५६५
Email: nic@nepalinsurance.com.np, Website: www.nepalinsurance.com.np

## हकप्रद शेयर निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको चुक्ता पूँजी रु. १,६४,४२,४१,९४०/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,६४,४२,४१९.४० कित्ता साधारण शेयरको १०:४ अर्थात (विद्यमान १० कित्ता साधारण शेयर बराबर ४ कित्ता साधारण शेयर) को अनुपातमा रु.६५,७६,९६,७७६/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ६५,७६,९६७.७६ कित्ता हकप्रद शेयर निष्काशन प्रयोजनका लागि मिति २०८२/०२/३० गते एक (१) दिन शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ । शेयरधनी दर्ता पुस्ताका बन्द गरिने र सो मितिभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८२/०२/२९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई शेयरधनी कायम भएका शेयरधनीले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनी तथा शेयर खरिदकर्ताहरूले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध छौं ।

साथै धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधार मानि CM Pool Account मा शेयर नराखी सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरिदिनुहुन विनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवारी यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ।